प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस(COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/३०
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ५५१, भक्तपुरमा ९०, मकवानपुरमा ६३, चितवनमा ३७, ललितपुरमा ३४, काभ्रेपलान्चोकमा २१, दोलखामा ८, धादिङमा ४, रामेछापमा ३, नुवाकोटमा २ र सिन्धुपाल्चोकमा २ गरी जम्मा ८१५ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी ( Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- काठमाण्डौ-१४, कलंकी निवासी ३४ वर्षिय पुरुषको मिति २०७७ भाद्र ३० गते विहान ५:३० बजे चिकित्सा विज्ञान राष्टिय प्रतिष्ठान, वीर अस्पतालमा निधन भएको छ । ज्वरो, खोकी तथा श्वासप्रश्वासमा समस्या आई भाद्र ३० गते अस्पताल आएका निजको भाद्र २६ गते कोरोना पुष्टी भएको थियो । काठमाण्डौ-१, नक्साल निवासी ९६ वर्षिय पुरुषको मिति २०७७ भाद्र २९ गते दिउंसो ३:०० बजे नर्भिक अस्पताल , थापाथलीमा निधन भएको छ । श्वासप्रश्वासमा समस्या भई निज भाद्र १३ गते अस्पताल भर्ना भएका थिए । त्यस्तै काठमाण्डौ-२७, असन निवासी ६६ वर्षिय पुरुषको मिति २०७७ भाद्र २९ गते दिउंसो १:०० बजे नर्भिक अस्पताल, थापाथलीमा निधन भएको छ । ज्वरो, निमोनिया तथा श्वासप्रश्वासमा समस्या भई भाद्र २७ गते अस्पताल भर्ना भएका निजको भाद्र ३० गते कोरोना पुष्टी भएको हो । काठमाण्डौ-७, गौरीघाट निवासी ८६ वर्षिया महिलाको मिति २०७७ भाद्र २९ गते वि. पी. स्मृती अस्पताल, बसुन्धरामा निधन भएको छ । दमकी रोगी निज भाद्र २८ गते अस्पताल भर्ना भई भाद्र ३० गते कोरोना पुष्टी भएको हो । हेटौंडा-४, मकवानपुर निवासी ६१ वर्षिय पुरुषको मिति २०७७ भाद्र २९ गते राती ९:०० बजे नर्भिक अस्पताल , थापाथलीमा निधन भएको छ । ज्वरो आई भाद्र १८ गते अस्पताल भर्ना भएका निजको भाद्र २० गते कोरोना पुष्टी भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्र देशमा देशको कुल संक्रमणको २९ प्रतिशत (२९.४९%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ५६७८८ (१००%) | १६७५१ (१००%) |
| निको भएको | ४०६३८ (७१.६%) | ८३९२ (५०.१%)* |
| उपचाररत | १५७७९ (२७.८%) | ८२३७ (४९.२%)* |
| मृत्यु भएको | ३७१ (०.६%) | १२२ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/३० | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/३० |

### ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि(RDT), पी.सि.आर(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ८६९४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ५११ जना बस्दै आउनुभएको र १३९८ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३२१२ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७२७ जना (होम आइसोलेसन सहित) बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ८१६४७ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ५५१ | १०५८६ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ३४ | १२२८ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | १४० | ७२९५ | ९० | ११२१ |
| रसुवा | २५५ | १३ | १६ | ३५ | १ | ८४२ | | २० |
| नुवाकोट | ९५३ | ५४ | २९ | ४० | ११ | ४१६९ | २ | १२७ |
| धादिङ | ३१५ | ८ | २३ | १०४ | ३५ | ३०३७ | ४ | ३३५ |
| चितवन | २४६५ | ६७ | ५५० | ३५५ | ९३३ | १५७७९ | ३७ | १३८१ |
| सिन्धुली | ३९२ | २५ | १७ | ४३ | २ | २६०६ | | १०१ |
| मकवानपुर | ४०७ | २३ | ४ | २१७ | ११९ | ७९४२ | ६३ | १११५ |
| रामेछाप | ४९० | ६५ | ४९ | ९८ | १२ | १३२९ | ३ | १२० |
| दोलखा | १९३ | १२ | ६ | ४४ | ५ | २०६८ | ८ | १०३ |
| काभ्रेपलान्चोक | ९०९ | ६२ | ९१ | २५३ | ८३ | ४२०१ | २१ | ३८४ |
| सिन्धुपाल्चोक | ७८९ | ३२ | १०१ | ५६ | ४ | ३५५६ | २ | १३० |
| जम्मा | ८६९४ | ५११ | १३९८ | ३२१२ | ३७२७ | ८१६४७ | ८१५ | १६७५१ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


### ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २२७६० | २७२ | १०५ | ४६ जना: मकवानपुर-४६ | ५९ | |
| धुलिखेल स्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ४४१५ | १२६ | ६३ | २८ जना: काभ्रेपलान्चोक-१५, भक्तपुर-५, दोलखा-४, काठमाण्डौ-१, फलोअप-३ | ३५ | |

❖ **बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः**


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२९

❖ **बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः**

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२९

❖ **कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः**

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठन नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझैं यहाँहरुको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई